NEPAL WAREHOUSING
COMPANY LTD.

मिति २०८०।०९।०६

च.न.:२०८०।८१-२९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

**विषयः पाँचौ बार्षिक साधारणसभा सम्बन्धमा जानकारी ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेडको मिति २०८०।०९।०६ गतेका दिन बसेको सञ्चालक समितिको ५४ औ बैठकले कम्पनीको पाचौँ वार्षिक साधारण सभा मिति २०८०।०९।२७ गते यसै पत्र साथ सलंग्न सुचना बमोजिमको स्थान र समयमा सलंग्न प्रस्ताव पारित गर्ने गरी बस्ने निर्णय भएको त्यँहाको जानकारी गराउछु ।

भवदिय,

मुकुन्द भुसाल

(कम्पनी सचिव)

NEPAL WAREHOUSING COMPANY LIMITED

Gairigaun, Singamangal, Kathmandu, Nepal   +977-1-4117961   info@nwcl.com.np   www.nwcl.com.np

CamScanner

# नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेडको
## पाचौं वार्षिक साधारण सभा वस्ने सम्वन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८०।९।७ गते)

आदरणीय शेयरधनी महानुभाव,

कम्पनीको नियमावलीको नियम १८ वमोजिम तथा मिति २०८०।९।६ गतेका दिन सम्पन्न कम्पनीको सञ्चालक समितिको ५४ औं वैठकले यस नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेडको पाचौं वार्षिक साधारण सभा देहाय वमोजिमको मिति, समय र स्थानमा देहायमा उल्लेख गरिएका विषयहरुमा छलफल गर्ने गरी आह्वान गर्ने निर्णय गरेकाले सो मिति,समय र स्थानमा उपस्थित हुनु भई वार्षिक साधारण सभामा भाग लिनु हुन हार्दिक अनुरोध गर्दछु। वार्षिक साधारण सभामा उपस्थित हुन नसक्ने महानुभावले प्रोक्सी मनोनित गरी भाग लिन सक्नु हुने व्यहोरा पनि जानकारी गराउदछु। प्रोक्सी मनोनयन फारमको नमूना कम्पनीको वेवसाइटमा प्रकाशन गरिएकोछ।

### देहाय

**वार्षिक साधारण सभा वस्ने मितिः** २०८०|९|२७ गते (तदनुसार ई.सं. १२ जनवरी, २०२४) शुक्रवार।
**वार्षिक साधारण सभा वस्ने समयः** विहान ११:३० वजे।
**वार्षिक साधारण सभा वस्ने स्थानः** एपेक्स विजनेस होटेल, सिनामंगल, एयरपोर्ट, काठमाण्डौ।

**छलफलका विषयहरुः**

**क. सामान्य प्रस्ताव अन्तरगत,**

१. आ.व. २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० असाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त भएको आ.व. २०७९/८० को नाफा नोक्सान हिसाव, नाफा नोक्सान वाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने।
३. आ.व. २०८०/८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने।
४. कम्पनीको सञ्चालक समितिले स्वतन्त्र व्यावसायिक सञ्चालक पद एकमा नियुक्त गर्नका लागि मनोनयन गरेको व्यक्तिको नाम अनुमोदन गर्ने।
५. सञ्चालक समितिमा शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने छ जना सदस्यहरुलाई अर्को चार वर्षे कार्यकालको लागि निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव अन्तरगत,**

१. प्रारम्भिक सार्वजनिक निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजीमा भएको वृध्दिलाई कम्पनीको प्रवन्धपत्रको सम्वन्धित दफा उपदफामा संशोधन मिलान गर्ने। र उक्त प्रस्तावमा कम्पनी रजिष्ट्रारको कार्यालयले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थपघट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने।

NEPAL WAREHOUSING COMPANY LIMITED

CS CamScanner

२. कम्पनीको सञ्चालक समिति र विषय समितिको वैठकमा भाग लिने सञ्चालकहरु तथा विषय समितिका संयोजक र सदस्य (सञ्चालक)लाई वैठकमा भाग लिए वापत वैठक भत्ता उपलव्ध गराउने विषय सम्वन्धी प्रस्ताव र उक्त प्रस्तावमा कम्पनी रजिष्ट्रारको कार्यालयले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थपघट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने।

३. कम्पनीको परियोजना निर्माण कार्यका लागि थप पर्न जाने ऋण रकम वैंक तथा वित्तीय संस्था वा निकाय वा अन्य कुनै संगठित निकाय बाट कम्पनीको उद्देश्य र हित अनुकूल हुने गरी प्राप्त गर्ने निर्णय गर्न सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने।

**ग. विविध।**

सञ्चालक समितिको आज्ञाले,

कम्पनी सचिव

नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड

साधारणसभा सम्वन्धी जानकारीः

१. शेयरधनीको सुविधाको लागि हाजिरीपुस्तिका सभास्थलमा सभाहुने दिन विहान १० वजेदेखि सभा सञ्चालन हुने समय विहान ११:३० वजेसम्म खुला हुनेछ।

२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीले हितग्राही खाता (डिम्याट) /शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि साथमा लिई आउनुहुन अनुरोध छ।सो नभएमा सभा कक्ष भित्र प्रवेश पाइनेछैन।

३. यस कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै सूचनासाथ प्रकाशित गरिएकोछ।संक्षिप्त आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु कम्पनीको वेवसाइट www.nwcl.com.np बाट हेर्न सकिनेछ।

४. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्दा प्रोक्सीपत्र साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय, गैरीगाउँ सिनामंगल, काठमाण्डौंमा दर्ता गराउनुपर्नेछ।प्रोक्सी दर्ता गरिसकेपछी सो वदर गराउन चाहेमा सोको सूचना २४ घण्टा अगावै प्रोक्सी दर्ता गरेको स्थानमा लिखित निवेदन दर्ता गर्नुपर्नेछ।प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैंसंग बाँकि राखी प्रतिनिधि मुकरर गर्न पाइनेछैन।सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नुपर्नेछ।प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द हुनेछ।

५. संरक्षक रहनु भएका शेयरधनीको तर्फबाट कम्पनीको शेयरधनी कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्नपाउनेछ।

CamScanner

६. संयुक्त नाममा शेयर रहेको भए शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्व सम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ।

७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ति पत्रमा सो संस्था वा कम्पनीको छाप सहित अधिकृत व्यक्तिको दस्तखत भएको हुनुपर्नेछ।

८. सभामा मन्तव्य वा जिज्ञासा व्यक्त गर्न चाहनु हुने शेयरधनीले सभाका अध्यक्षले तोकेको समय भित्रमा वोलिसक्नुपर्नेछ।

९. निर्वाचन सम्वन्धी कार्यक्रम निर्वाचन अधिकृतले मिति २०८०।९।१७ गतेका दिन प्रकाशन गर्नुहुनेछ। उक्त कार्यक्रम कम्पनीको वेवसाइट www.nwcl.com.np बाट हेर्न सकिनेछ।

१०. वार्षिक साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दर्ता किताव मिति २०८०।९।१७ गतेका दिन वन्द हुनेछ। उक्त मितिभन्दा अगाडि नेपाल स्टक एक्सचेन्जमा कारोवार भई सो को ७ दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार हिमालयन क्यापिटल लि. त्रिदेवीमार्ग ठमेलमा प्राप्त विवरणको आधारमा तथा हितग्राही खातामा नाम कायम भएका शेयरधनीलेमात्र यस सभामा भाग लिन र मतदान गर्नपाउनुहुनेछ।

११. वार्षिक साधारण सभा सम्वन्धी विषयमा कुनै जानकारी प्राप्त गर्न चाहनुहुने शेयरधनीलाई कम्पनीको रजिष्टर्ड कार्यालय रहेको ठेगाना गैरीगाउँ, सिनामङ्गल काठमाण्डौको फोन नम्वर ४११७९६१मा सम्पर्क गर्न सक्नुहुनेछ।